जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ राजविराज दैनिक स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ७१ २०८३ साल असोज २६ गते सोमबार (12 Oct 2026 Monday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालीको महान् पर्व.. ३ पृष्ठमा : विद्यार्थी आन्दोलनदेखि कांग्रेस ... ३ पृष्ठमाभारतमा 'कक्रोच' आन्दोलनका...

# वडा दशैं सुरु, शक्तीपीठहरुमा विषेश पुजाअर्चना




**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
आइतबारदेखी वडा दशैं सुरु भएको छ। घटस्थापनासँगै सुरु भएको दशैंको चहलपहल सप्तरीमा पनि शुरु भएको छ। सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, चण्डी दुर्गा भगवती, राजदेवी लगायतका शक्तीपीठहरुमा विषेश पुजाअर्चनासँगै जमरा राखिएको छ।

यस अवसरमा शक्तीपीठहरुलाई सिंगारिने तथा विभिन्न टोल र चोकमा समेत दुर्गा प्रतिमा निर्माण गरिदै छ।

नेपालकै प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिरमा यस वर्ष पनि लाखौं श्रद्धालु भक्तजनहरु आउने अनुमान सहित सोही अनुसारको तयारी गरिएको मन्दिरका पीठाधिश महाकान्त ठाकुरले जानकारी दिए।

यस्तै चाडपर्वलाई लक्षित गर्दै सप्तरी प्रहरीले सुरक्षा व्यवस्था चुस्त बनाउन चाडपर्व विषेश सुरक्षा योजना बनाएको छ। विषेश सुरक्षा योजना अन्तर्गत पिकेट, पैदल गस्ती, मोबाईल टोली, बजार अनुगमन, यात्रु सहायता कक्ष निर्माण र रिफ्रेस प्वाइन्ट लगायतका व्यवस्था मिलाइएको प्रहरी उपरिक्षक रुपक खडकाले जानकारी दिए।

जिल्लाका सबै सम्वेदनशिल क्षेत्रका साथै जिल्लाभर युनिफर्म र सादा पोशाकका ८ सय ५७ तथा ट्राफिक प्रहरी तर्फका ३९ गरी कुल ८ सय ९६ प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

# स्कारपियोको ठक्करबाट एकको मृत्यु, अर्का गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं १ अन्तरगत हुलाकी सडकखण्डमा शनिबार स्कारपियो गाडीको ठक्करबाट एक जनाको मृत्यु भएको छ भने अर्का एक जना गम्भिर घाइते भएका छन्।

प्रहरीका अनुसार राजबिराजबाट पत्थरगाढातर्फ जादै गरेको स.१च.११६९ न.को स्कारपिओ गाडीले पैदल यात्रीद्वय वडा नं. १ जमुनी मधेपुरा निवासी ६० वर्षिय हरिनारायण यादव र ५४ वर्षिय तिर्थ नारायण दासलाई

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व हुलाक दिवसमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
'एक हुलाक सञ्जाल, अनगिन्ती सम्भावनाहरू' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरि शनिबार १५२औं विश्व हुलाक दिवस मनाइएको छ।

जिल्ला हुलाक कार्यालय सप्तरीले हुलाक दिवसको अवसरमा कार्यालय परिसर सरसफाइ, दीपावली, शुभकामना आदानप्रदान तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मानलगायतका कार्यक्रम गरि मनाएको छ।

उक्त अवसरमा उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै हुलाक कार्यालयमा कार्यरत खरिदार शैलेन्द्रकुमार झा, विनोदकुमार साह, प्रतिभा घिमिरे तथा हल्कारा मुँगालाल यादव र शोभितलाल खंग गरी पाँच जना कर्मचारीलाई सम्मान गरिएको जिल्ला हुलाक कार्यालय सप्तरीका कार्यालय प्रमुख पुरुषोत्तम साहले जानकारी दिए।

जिल्ला हुलाक कार्यालय सप्तरीको मातहतमा रहेका १७ वटा पालिका हुलाक कार्यालयमा समेत विभिन्न कार्यक्रम आयोजना गरी विश्व हुलाक दिवस मनाइएको छ।

सूचना तथा सञ्चार प्रविधिको विकाससँगै हुलाकले हुलाक टिकट, सरकारी कागजात, चिठीपत्र, पार्सल, राहदानी र लाइसेन्स वितरण, मालपोत, स्वास्थ्य विमाका आवश्यक कागजात, पत्रपत्रिका दर्ता तथा नविकरण, विद्युतीय माध्यम तथा पत्रपत्रिकाको लोककल्याणकारि विज्ञापन प्रसारण प्रकाशनको भुक्तानी लगायतका सेवाहरु प्रदान गर्दै आइहरेको छ।

# कुशवाहा समाजको अध्यक्षमा एक मतको अन्तरले रामनारायण निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
नेपाल कुशवाहा कल्याण समाज सप्तरीको अध्यक्षमा रामनारायण मेहता निर्वाचित भएका छन्।



शनिवार सम्पन्न पाँचौ जिल्ला अधिवेशनबाट मेहताको नेतृत्वमा २५ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको हो।

अध्यक्ष पदमा रामनारायण मेहताले ५७ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी चेत नारायण मेहता ५६ मत ल्याई एक मतको झिनो मतान्तरले पराजित भए।

अध्यक्ष पदमा निर्वाचित मेहता यस अघि संस्थाको सल्लहाकारको जिम्मेवारीमा थिए। जितपछि उनले सबैको साथ र सहयोग लिएर जातीय संस्थाको उत्थान र सशक्तिकरणका लागि काम गर्ने प्रतिवद्धता जनाए।

निर्वाचन प्रक्रियाबाटै नयाँ नेतृत्व चयन गरिएको निर्वाचनमा १९ सदस्य मध्ये १२ जना पुरुष र ७ जना महिला निर्वाचित भएको निर्वाचन समितिका संयोजक जय प्रकाश महतोले जानकारी दिए।

संस्थाको उपाध्यक्षमा शुभकलाल महतो, महिला उपाध्यक्षमा मुनी मेहता, सचिवमा राजाबाबु मेहता, सहसचिवमा रामशरण महतो र कोषाध्यक्षमा सूर्यनारायण महतो निर्वाचित भएका छन्।

यस्तै दस्यहरूमा ओमप्रकाश मेहता, बुध नारायण मेहता, महेश्वर मेहता, ललितनारायण मेहता, परमेश्वर मेहता, राजेश कुमार मेहता, अरुण कुमार मेहता, सूर्यनारायण मेहता, दिपेन्द्र प्रसाद मेहता, ओम प्रकाश मेहता, देवकान्त मेहता, सिताराम मेहता, सबनम कुमारी मेहता, शान्ति देवी मेहता, सुनिता कुमारी मेहता, रिंकु देवी मेहता, रन्जु देवी मेहता, रेखा कुमारी मेहता र आशा देवी मेहतागरु निर्वाचित भएका छन्। चार वर्षे कार्यकालका लागि भएको निर्वाचनमा १ सय २१ जनाले मतदान गरेका थिए।

यसअघि उक्त अधिवेशनको प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा मन्त्री मनोज सिंहले उद्घाटन गरेका थिए। संस्थाका अध्यक्ष हंश नारायण मेहताको अध्यक्षतमा आयोजित उद्घाटन समारोहमा नेपाल कुशवाहा, बुद्धिजिवी समाज सप्तरीका अध्यक्ष योगेन्द्र प्रसाद मेहता, नेपाल कुशवाहा महिला कल्याण समाज सप्तरीका अध्यक्ष रिका कुमारी मेहता, नेपाल कुशवाहा विद्यार्थी मञ्चका अध्यक्ष प्रदीप मेहता, उच्च अदालत बार एशोसिएसन राजविराजका अध्यक्ष बलराम प्रसाद सिंह लगायतले पनि शुभकामना दिएका थिए।

## चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसावाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### युवाले पाएको अवसरको सदुपयोग गरौं

अहिले मुलुक निर्माणको कार्य यूवाहरुकै काँधमा आएको छ । विगतमा यूवाहरुले देश निर्माणको अवसर पाउने कुरा सपना जस्तै रहदै आएको थियो । तर अहिलेको नयाँ नेपालमा यूवाहरुले प्राय सबै क्षेत्रमा सहभागिता जनाउँदै आएका छन् । मुलुककै प्रधानमन्त्री यूवा नै छन् । त्यस्तै मन्त्रिहरु पनि प्राय सबै यूवाहरु नै छन् । उनीहरुकै काँधमा अहिले नयाँ नेपाललाई अगाडी बढाउने पूर्ण जिम्मेवारी थपिएको छ । विगतमा मुलुकको जुनसुकै राजनीतिक पार्टीको नेतृत्व पंक्तिमा बृद्ध अवस्थामा पुगेकाहरुले नै गरिरहेका थिए । तर अहिले मुलुकका दुई ठूला पार्टीको नेतृत्व पंक्तिमा यूवाहरु नै छन् । विगतमा यूवाहरुलाई मात्र देखाउने मुख र भोट बैंकको रुपमा प्रयोग गरिएको अवस्था थियो ।

यसरी यूवा नेतृत्व यस्तो जमात हो जसले समाज र राष्ट्र परिवर्तनमा अहम भूमिका खेल्न सक्छ । कुनै पनि मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन समेत गर्न सक्छ । यूवाहरुको जोश जागरका कारण कुनै पनि कार्यले सफलता पाउन सक्छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् । युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सह्रानिय भुमिका निर्वाह गर्न सक्छन् ।

तसर्थ यूवाहरुले पाएको राष्ट्र निर्माणको अवसरलाई सतप्रतिशत सदुपयोग गरेर नयाँ नेपालको परिकल्पना साकार गर्नेतर्फ अग्रसर हुनुपर्ने आवश्यकता रहेको छ ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# नेपालीको महान् पर्व बडादसैं सुरु

**पूर्णप्रसाद मिश्र**
काठमाडौं, २५ असोज (रासस) ।

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि विधिवत् आरम्भ गरिने नेपालीको महान् पर्व बडादसैं आइतबारदेखि सुरु भएको छ ।

यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाउने गरिन्छ । बडादसैंको पहिलो दिन आइतबार घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ । पूजा कोठा वा दसैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ ।

आइतबार बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्वक राखेर त्यसमाथि यव अर्थात् जौं रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आइतबार यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ ।

जमरामा जौंबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । कुल परम्पराअनुसार कसैले अन्य अन्न पनि जौंसितै रोप्ने गरेका छन् । जमरालाई आयुर्वेदिक औषधिमा समेत प्रयोग गरिन्छ ।

**घटस्थापनाको साइत ११:४७ बजे**

आजैको दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना पनि भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ ।

आइतबार घटस्थापनाको साइत बिहान ११:४७ बजे रहेको समितिले जनाएको छ । आज दिनभर चित्रा नक्षत्र परेकाले शास्त्रीय वचनअनुसार मध्याह्नकालमा अभिजित् मुहूर्तको साइत घटस्थापनाका लागि दिइएको समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले बताउनुभयो ।

सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यताअनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो । केही मानिसले सामाजिक सञ्जालमा घटस्थापना सोमबार गर्ने भनी गरेको हल्लाखल्ला शास्त्रसम्मत नहुने पनि उहाँले सुनाउनुभयो ।

दुर्गा देवीका तीनवटा रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ । महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकका रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीजलगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आराधना गर्ने गरिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ ।

**नौ दिन नौ दुर्गाको पूजा**

यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ । दुर्गा पूजा र दसैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् एवं समितिका पूर्वअध्यक्ष गौतमले बताउनुभयो । दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ ।

दुर्गाको प्रतीकका रूपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै गरी नौवटी कन्याको पूजासमेत गर्ने गरिन्छ । यसरी पूजा गरिने कन्या दुई वर्षमाथिका हुनुपर्ने शास्त्रीय विधान छ ।

बडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैं घर, कोत र शक्तिपीठमा बलिसहित विशष पूर्जा गर्छन् ।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिहरूको पाठपारायण पनि गर्ने गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीडसमेत लाग्ने गरेको छ ।

**विजयादशमीको साइत कात्तिक ४ गते १०:२६ बजे**

नवरात्र भनेर चिनिने दसैं नौ रात र १० दिनको हुन्छ । आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई कात्तिक ४ गते बुधबार विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा


**हार्दिक मंगलमय शुभकामना**



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

**हार्दिक मंगलमय शुभकामना**



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# विद्यार्थी आन्दोलनदेखि कांग्रेस सभापतिसम्म थापाको यात्रा

**अच्युत रेग्मी**

काठमाडौँ, २५ असोज (रासस)।

नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित हुनुभएको छ। कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको शुक्रबार भएको मतदानको शनिबार बिहान सम्पन्न मतगणनामा सभापतिका उम्मेदवार थापाले छ हजार ५८४ मत ल्याएर विजयी हुनुभएको निर्वाचन संयोजक प्रेमबहादुर खड्काले जानकारी दिनुभयो।

निर्वाचनमा सभापति थापाका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गर्नुभयो। निर्वाचनमा सात हजार १३ मत खसेकामा ५४ मत बदर भएको थियो। विसं २०४६ को जनआन्दोलनका क्रममा कक्षा ९ मा पढ्दै गर्दा आन्दोलनमा सहभागी हुनुभएका थापा झण्डै चार दशकपछि कांग्रेसको नेतृत्वमा पुग्नुभएको हो।

नवनिर्वाचित सभापति थापाले २०४६ सालमा बालकांग्रेसको सदस्यका रूपमा राजनीतिक यात्रा सुरु गर्नुभएको थियो। विसं २०४८ मा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) काठमाडौँ वडा नं ३३ को सचिव बन्नुभएका उहाँ २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित हुनुभएको थियो।

विंस २०५५ मा त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य बन्नुभएका थापा २०५७ सालमा नेविसङ्घको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री बनेर विद्यार्थी राजनीतिलाई उचाइमा पुऱ्याउनुभएको थियो। विसं २०६१ मा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुभएका थापामाथि राजद्रोहको मुद्दासमेत लागेको थियो।

अन्तरराष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उहाँलाई 'आस्थाको बन्दी' घोषणा गरेको थियो। २०६२/६३ सालको जनआन्दोलनमा गणतन्त्र र लोकतन्त्रको पक्षमा सक्रिय भूमिका निर्वाह गरेपछि उहाँ राष्ट्रिय राजनीतिमा थप चर्चित बन्नुभएको थियो।

विंस २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिकतर्फबाट सभासद् बन्नुभएका थापा संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा सक्रिय रहनुभएको थियो। विसं २०७० मा काठमाडौँ क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि संविधान मस्यौदा प्रक्रियामा योगदान पुऱ्याउनुभयो। विसं २०७१ मा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा भूमिका खेल्नुभएको थियो।

विंस २०७३ मा स्वास्थ्यमन्त्री बन्नुभएका थापाले आफ्नो नौ महिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बिमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिनुभएको थियो। २०७४ र २०७९ सालको निर्वाचनमा काठमाडौँ क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै उहाँले शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय संसदमा

*बाँकी अन्तिम पृष्ठमा*

## *नेपालीको महान् ...*

र फूल प्रसाद ग्रहण गर्ने गरिन्छ।

कात्तिक ४ गते देवी विसर्जनको साइत बिहान ८:४९ बजे रहेको समितिले जनाएको छ। टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १०:२६ बजेको साइत उत्तम छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ।

विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ। पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ। आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

## हनुमानढोकाको दसैँ घरमा विशेष पूजा

परम्पराअनुसार काठमाडौँको हनुमानढोका दरबारमा रहेको दसैँ घरमा आजैदेखि वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु हुन्छ। आइतबार बिहान चित्रा नक्षत्र र वैधृति योगको पूजा एवं हवन गरी समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख जयन्ती श्रेष्ठ प्रधानले बताउनुभयो।

रोजगारी, अध्ययन एवं अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिसहरू दसैँको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन्। यसैले बडादसैँलाई पारिवारिक पुनर्मिलनको पर्वका रूपमा समेत लिइन्छ।

धेरैजसो शैक्षिक संस्थाले दसैँका अवसरमा आजैदेखि सार्वजनिक बिदा दिने गरेका छन्। यसैकारण राजधानी र सहरी क्षेत्रबाट आ-आफ्ना थातथलो फर्कने मानिसको लाम देखिन्छ।


## हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**

**अध्यक्ष, तथा**

**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**

**संचालक समिति परिवार**

**राजविराज ८, सप्तरी**



## हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**

**अध्यक्ष**

**तथा**

**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**

**संचालक समिति परिवार**

**राजविराज ९, मलेठ, सप्तरी**


# विश्व समाचार

## भारतमा 'कक्रोच' आन्दोलनका संस्थापकसहित तीन नेता रिहा

नयाँदिल्ली, २५ असोज (रासस/एएफपी)।

भारतमा निर्वाचन आयोगविरुद्ध प्रदर्शन गर्ने तयारीमा रहेका युवा नेतृत्वको 'कक्रोच' आन्दोलनका संस्थापक अभिजीत दिप्केसहित तीन जना नेता आइतबार रिहा भएका छन्। नयाँ दिल्लीमा शनिबार आयोजना गर्ने भनिएको बृहत् प्रदर्शन रोक्ने उद्देश्यले उनीहरूलाई नियन्त्रणमा लिइएको एक दिनपछि रिहा गरिएको हो। कक्रोच जनता पार्टी (सीजेपी) की मुख्य कानुनी सल्लाहकार रत्ना सिंहका अनुसार कार्यकारी मजिस्ट्रेटको अदालतले दिप्केसहित तीनै जनालाई एक वर्षसम्म शान्ति भङ्ग नगर्ने सर्तमा रिहा गरेको हो। दिप्के र अन्य दुई नेतालाई मुम्बईबाट दिल्ली पुगेपछि विमानबाट ओर्लने क्रममा नियन्त्रणमा लिइएको थियो। एएफपीका पत्रकारका अनुसार सेतो सर्ट लगाएका दिप्के अदालतबाट बाहिरिएपछि कालो गाडीमा चढेर गएका थिए। सीजेपीका अनुसार शनिबार दिल्लीमा प्रस्तावित प्रदर्शन हुनुअघि नै हजारौँ प्रदर्शनकारीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। देशव्यापी मतदाता नामावली पुनरावलोकनमा अनियमितता भएको आरोप लगाउँदै केही सातादेखि जारी विरोध अभियानको निरन्तरताका रूपमा उक्त प्रदर्शन आयोजना गरिएको थियो। प्रदर्शनकारीहरूले भारतीय निर्वाचन आयोगका प्रमुखको राजीनामा माग गरेका थिए। सञ्चारमाध्यमका अनुसार मतदाता नामावली पुनरावलोकनका क्रममा १३ करोड ३० लाखभन्दा बढी नाम सूचीबाट हटाइएको छ। निर्वाचन अधिकारीहरूले दोहोरो नाम, मृत्यु भइसकेका व्यक्तिको विवरण तथा नक्कली प्रविष्टि हटाउन पुनरावलोकन गरिएको बताएका छन्। तर आलोचकहरूले यस प्रक्रियाबाट विशेषगरी मुस्लिम समुदायसहितका अल्पसङ्ख्यक प्रभावित भएको आरोप लगाएका छन्। उनीहरूले यसबाट प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) लाई राजनीतिक लाभ पुग्न सक्ने आशङ्कासमेत व्यक्त गरेका छन्। निर्वाचन आयोगले भने अनियमितता भएको आरोप अस्वीकार गर्दै आएको छ।

## भारतमा गुगलको डाटा सेन्टरविरुद्ध स्थानीयको विरोध

विशाखापटनम, २५ असोज (रासस/एएफपी)।

भारतको आन्ध्र प्रदेशमा अमेरिकी प्रविधि कम्पनी गुगलले निर्माण गर्न लागेको १५ अर्ब डलरको विशाल कृत्रिम बौद्धिकता (एआई) डाटा सेन्टरविरुद्ध स्थानीय बासिन्दाको विरोध बढेको छ। उनीहरूले परियोजनाले पानी र बिजुलीको स्रोतमा चाप बढाउनुका साथै वातावरणमा क्षति पुऱ्याउने र अपेक्षाकृत कम रोजगारी सिर्जना गर्ने चिन्ता व्यक्त गरेका छन्। विशाखापटनममा निर्माण हुने उक्त डाटा सेन्टरका लागि जङ्गल र खेतीयोग्य जमिन खाली गर्न थालिएको छ। अमेरिकाबाहिर गुगलको सबैभन्दा ठूलो डाटा सेन्टर बन्ने यो परियोजनालाईज▪ भारतले आफ्नो प्रविधि क्षेत्र विस्तार गर्ने महत्वाकाङ्क्षी योजनाको प्रमुख हिस्साका रूपमा अघि बढाएको छ। स्थानीय किसान चन्दाला सदाम्माले आफ्ना आँप र काजुका रूख रहेका ठाउँमा अहिले रातो माटो मात्र देख्दा दुःख लाग्ने बताउनुभयो। दुई एकड जमिनबापत ८२ हजार डलरभन्दा बढी क्षतिपूर्ति पाए पनि जमिन गुमाउँदाको अनुभव तीतो रहेको उहाँको भनाइ थियो। "एउटा कम्पनी आयो र कुनै सम्मान नदेखाई हाम्रो जमिन लियो। हामीले त्यो स्वीकार गऱ्यौँ," ५० वर्षीया सदाम्माले भन्नुभयो। विशाखापटनम भारतलाई सिङ्गापुरसँग जोड्ने समुद्री इन्टरनेट केबलको प्रवेशबिन्दु भएकाले डाटा सेन्टर स्थापनाका लागि उपयुक्त मानिएको छ। गुगलका एसिया-प्रशान्त क्षेत्रका पूर्वाधार तथा ऊर्जा प्रमुख अलेक्जेन्डर स्मिथले यसमा गरिएको लगानी दशकौँ लामो प्रतिबद्धता भएको बताउँदै स्थानीय समुदायको हितलाई पनि प्राथमिकता दिइने जनाउनुभएको छ। आन्ध्र प्रदेश सरकारले क्षतिपूर्तिका अतिरिक्त परियोजनाबाट प्रभावित परिवारका लागि नयाँ आवास निर्माण गरी हस्तान्तरण भइरहेको जनाएको छ।

## ड्रोन आक्रमणपछि यान्डेक्सको डाटा सेन्टर पूर्ण रूपमा बन्द

मस्को, २५ असोज (रासस/एएफपी)।

रूसको राजधानी मस्कोको पूर्वमा रहेको प्रविधि कम्पनी यान्डेक्सको डाटा सेन्टरमा ड्रोन आक्रमणबाट क्षति पुगेपछि सञ्चालन अवरुद्ध भएको कम्पनीले आइतबार जनाएको छ। 'रूसको गुगल' भनेर चिनिने यान्डेक्सले देशको सबैभन्दा लोकप्रिय खोज इन्जिनका साथै खाना अर्डर गर्ने र ट्याक्सी सेवासम्बन्धी एप सञ्चालन गर्दै आएको छ। एक साताभित्र यान्डेक्सका डाटा सेन्टरमा आक्रमण भएको यो तेस्रो घटना हो। रूसले युक्रेनका डाटा सेन्टरमा आक्रमण गर्न थालेको केही सातापछि भएका यी घटनाले युक्रेनले पनि रूसी इन्टरनेट पूर्वाधारलाई लक्षित गरेको हुन सक्ने सङ्केत गरेका छन्।

यान्डेक्सले टेलिग्राममार्फत जारी गरेको सेवा सूचनामा ड्रोन आक्रमणका कारण भ्लादिमिर क्षेत्रमा रहेको डाटा सेन्टरको पूर्वाधारमा क्षति पुगेको जनाएको छ। ाक्रमणमा कोही पनि घाइते नभएको कम्पनीले बताएको छ। घटनास्थलमा आपत्कालीन सेवाका कर्मचारी पुगेका छन् भने कम्पनीले सेवा पुनः सञ्चालन गर्ने उपायबारे मूल्याङ्कन गरिरहेको छ। "डाटा सेन्टरको सञ्चालन पूर्ण रूपमा स्थगित गरिएको छ," कम्पनीले जनाएको छ। सेवा अवरुद्ध हुन सक्ने अवस्थालाई ध्यानमा राख्दै प्रयोगकर्तालाई वैकल्पिक विपद् व्यवस्थापन योजना सक्रिय गर्न पनि उसले सुझाव दिएको छ।

क्षति मूल्याङ्कन भइरहेकाले बाँकी स्रोतको अवस्था अस्थिर रहेको र प्राविधिक सहयोगसम्बन्धी सञ्चारमा समेत अवरोध आउन सक्ने कम्पनीले चेतावनी दिएको छ। शुक्रबार यान्डेक्सले कालुगा क्षेत्रमा रहेको आफ्नो अर्को डाटा सेन्टरमा पनि ड्रोन आक्रमणबाट क्षति पुगेको जनाएको थियो। त्यसबाट डाटा सेन्टरका केही मोड्युल सञ्चालनबाहिर पुगेका थिए भने केही सेवामा अवरोध आएको थियो। त्यसको अघिल्लो रात रियाजान क्षेत्रमा रहेको यान्डेक्सको अर्को केन्द्रमा भएको आक्रमणबाट आगलागी भएको थियो। उक्त घटनाले यातायात तथा विद्युतीय व्यापारसम्बन्धी सेवामा व्यापक अवरोध सिर्जना गरेको थियो।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, २५ असोज ।**

सर्लाहीको हरिपुरमा शनिबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

दुर्घटनामा नवलपुरबाट मलंगवातर्फ गइरहेको मधेस प्रदेश ०२-०१०प २२२१ नम्बरको मोटरसाइकलका चालक मलंगवा नगरपालिका ७ गणेशियाका अन्दाजी ३० वर्षीय अरविन्द साहको मृत्यु भएको हो ।

मलंगवा-नवलपुर सडकखण्डअन्तर्गत हरिपुर नगरपालिका ८ जगतपुरमा ना१ज ६३०८ नम्बरको म्याजिकले विपरीत दिशाबाट आइरहेको मोटरसाइकललाई ठक्कर दिदा उक्त दुर्घटना भएको हो ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका साहलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

यता दुर्घटनामा संलग्न सवारी र चालक हरिपुर नगरपालिका २ का ३३ वर्षीय नजामुदिन बैठालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# बूढीगण्डकी बाढीः छ वटा पुल बगे, दश जना सम्पर्कविहीन

गोरखा, २५ असोज (रासस) ।

बूढीगण्डकी बाढीले छ वटा पुल बगाएको छ भने कम्तीमा १० जना सम्पर्कविहीनभएका छन् । आइतबार बिहान आएको बाढीले दुई वटा मोटरेबल र चारवटा झोलुङ्गे पुल बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले राससलाई बताउनुभयो ।

उहाँका अनुसार आरुघाट र धादिङको त्रिपुरासुन्दरी तथा आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल बगेका हुन् । बाढीले धार्चेगाउँपालिका १ र ३ जोड्ने बेलिब्रिज पनि बगाएको छ । यसैगरी, माछिखोला र केरौँजाजोड्ने झोलुङ्गे पुल, चुमनुब्रीको ठाडो भऱ्याङ र जगत जोड्ने पुल र सिर्दिबासको घट्टेखोला र फिलिमजोड्ने झोलुङ्गे पुल पनि बगेका छन् ।

बाढीले चुमनुब्रीगाउँपालिका- ३ पैयुँ र बगरका करिब ३५ घर पनि बगाएको छ । बाढीबाट जगत्, सल्लेरी, दोभान र घट्टेखोलागाउँमा पनि क्षति भएको छ ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार बाढीपछि खोज तथा उद्धारका लागि सेनाको टोली हवाई तथा स्थलमार्गबाट प्रभावित क्षेत्रको परिचालन भएको छ । दुवै टोलीले सम्भावित अवरोधको अवस्था र प्रभावित स्थानको आकलन गर्नाका साथै पहिराको जोखिममा रहेको जगत् गाउँबाट छ जनाको हवाई उद्धार गरेको छ ।

# 'इन्टरनेटको शुल्क बढेको छैन, बढी शुल्क लिए कारबाही हुन्छ'

काठमाडौँ, २५ असोज (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाको शुल्क वृद्धि नभएको स्पष्ट पार्दै स्वीकृत दरभन्दा बढी शुल्क लिने तथा उपभोक्तालाई मर्कापर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने प्रदायकमाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

इन्टरनेट सेवाको शुल्क बढेको भन्दै विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै प्राधिकरणले हालै इन्टरनेट तथा इमेल सेवा प्रदायकबाट शुल्क वृद्धि गर्ने कुनै प्रस्ताव प्राप्त नभएको र आफूले पनि शुल्क बढाउन स्वीकृति नदिएको स्पष्ट पारेको हो ।

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकले सेवा उपलब्ध गराएबापत लिने शुल्क उचित र मनासिब हुनुपर्ने उल्लेख गरेको छ । प्राधिकरणले तोकेको निर्देशिकाबमोजिम शुल्क निर्धारण गरी लागू हुने मितिसमेत उल्लेख गरेर कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने प्रावधान स्मरण गराएको छ ।

प्राधिकरणबाट स्वीकृत शुल्क दर सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने, स्वीकृत दरभन्दा बढी शुल्क लिन, पूर्वस्वीकृतिबिना शुल्क वृद्धि गर्न तथा उपभोक्तालाई मर्का पर्ने गरी अनधिकृत रूपमा सेवा सञ्चालन गर्न नपाइने वैधानिक व्यवस्थाबारे सचेत गराउँदै प्राधिकरणले नियमविपरीत गतिविधि गरेमा दूरसञ्चार ऐन तथा नियमावलीबमोजिम सेवा प्रदायकमाथि कारबाही गरिने चेतावनी दिएको छ ।

### वडा दशैं ...

परिचालन गरिने उनले बताए । अपुग भएका तथा आवश्यक्ता अनुसार तालुक मधेश प्रदेश प्रहरीबाट थप जनशक्ती माग गरिने उनको भनाई छ ।

चाड पर्वको समयमा अत्याधिक भीडभाड हुने बैंक तथा वित्तिय संस्था, सुनचाँदी पसल, पार्किङ स्थलका साथै प्रसिद्ध शक्तीपीठ छिन्नमस्ता भगवती मन्दिर र कंकालिनी मन्दिरमा निगरानीका लागी थप प्रहरी परिचालन हुने उनको भनाई छ ।


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

स्था. २०५७

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

राजविराज –४, सप्तरी

मिति : २०८३/०६/२६

**धितोमा रहेको अचल सम्पती लिलाम बिकीका लागी डाँक बढाबढ स्थगित भएको सुचना ।**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. राजबिराज–४,सप्तरी ले ऋण असुली प्रक्रिया अन्तर्गत राजबिराज बाट प्रकाशित हुने राजबिराज दैनिक पत्रिका को बर्ष ३६ अंक ३७ , मिति २०८३ भदौं १५ गते प्रथम पटक प्रकाशित सुचना अनुसार मिति २०८३ असोज २८ गते दिनको ११ बजे देखी ३ बजे सम्म धितो लिलाम बिकी का लागी डाँक बढाबढ हुने भनिएकोमा हाल केही दिनका लागी उक्त लिलाम डाक बढाबढ कार्य स्थगित भएको व्यहोरा सबैमा जानकारी गराईन्छ । पुनः अर्को सुचना प्रकाशित गराई उक्त लिलाम डाँक बढाबढ बारे जानकारी गराईनेछ ।

ब्यबस्थापक

ब्यवस्थापक
ज.ब.स.सं.लि


# सरकारी सफ्टवेयर र हार्डवेयर खरिदसम्बन्धी अध्ययन गर्न समिति गठन

काठमाडौँ, २५ असोज (रासस) ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मातहतका निकायमा प्रयोग भइरहेका सफ्टवेयर तथा हार्डवेयर खरिद र प्रयोगको अवस्था अध्ययन गर्न समिति गठन गरेको छ ।

मन्त्रालयले नापी विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा प्रयोग भइरहेका 'नेलिस' एलआरएमआइएस तथा मेरो कित्ता व्यवस्थापनका लागि खरिद गरिएका हार्डवेयर र सफ्टवेयरको वास्तविक अवस्था अध्ययन गर्न समिति गठन गरेको भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयले जानकारी दिएको हो ।

मन्त्रालयको २०८३ भदौ २३ गतेको निर्णयअनुसार गठित समितिलाई सात दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ । समितिले खरिद गरिएका हार्डवेयर तथा सफ्टवेयरको वास्तविक अवस्था, प्रयोग, गुणस्तर र उपयोगिताबारे अध्ययन गर्नेछ ।

मन्त्रालयका सहसचिव धोलकराज ढकालको संयोजकत्वमा गठित समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना प्रविधि निर्देशक प्रतिनिधि, मन्त्रालयका उपसचिव देवेन्द्र सापकोटा, उपसचिव रामचन्द्र रेग्मी, लेखा अधिकृत दिगम्बर रिजाल र शाखा अधिकृत लोकमणि खनाल सदस्य हुनुहुन्छ । कम्प्युटर इन्जिनियर दुबेश श्रेष्ठ सदस्य सचिव हुनुहुन्छ ।

समितिलाई हार्डवेयर तथा सफ्टवेयर खरिदसम्बन्धी सम्पूर्ण विवरण र कागजात अध्ययन गर्ने जिम्मेवारी दिइएको छ । त्यस्तै, खरिद प्रक्रिया प्रचलित मापदण्डअनुसार भए/नभएको जाँच गर्ने र खरिद गरिएका उपकरण तथा सफ्टवेयरको वास्तविक अवस्था, प्रयोग, गुणस्तर र उपयोगिताको स्थलगत निरीक्षण गर्ने कार्यादेश छ ।

यसैगरी, खरिद प्रक्रियामा सम्भावित अनियमितता वा सार्वजनिक स्रोतको दुरूपयोग भए/नभएको जाँचबुझ गरी अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुधारका लागि स्पष्ट सुझावसहित प्रतिवेदन पेस गर्न समितिलाई भनिएको छ ।

समितिको अध्ययनले भूमि प्रशासनसँग सम्बन्धित डिजिटल प्रणाली तथा तिनका लागि खरिद गरिएका उपकरणको प्रभावकारिता र सार्वजनिक स्रोतको उपयोगबारे वास्तविक अवस्था पहिचान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# अस्थायी नदी अवरोध फुट्दा बुढीगण्डकीमा बाढी

काठमाडौँ, २५ असोज (रासस) ।

गोरखाको बुढीगण्डकी नदीमा आइतबार बिहानको बाढी चुम्चेत नजिक पहिरोले नदी थुनिएर बनेको अस्थायी अवरोध फुट्दा आएको हुनसक्ने प्रारम्भिक आकलन गरिएको छ ।

एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड) ले नेपालका सरकारी निकायबाट सार्वजनिक भएका प्रारम्भिक विवरणको समीक्षा गर्दै पहिरोले नदीको बहाव रोकेपछि बनेको अस्थायी अवरोध भत्किएर बाढी आएको हुन सक्ने जनाएको हो ।

इसिमोडका अनुसार आइतबार (असोज २५ गते) बिहान नेपाली समयअनुसार करिब ४ बजे बाढी सुरु भएको अनुमान छ । बाढीले बुढीगण्डकी नदीको तटीय क्षेत्रमा लेदो, गेग्रान र अन्य भग्नावशेष बगाएको थियो । पानीको सतहमा उतारचढाव आएपछि बुढीगण्डकी, त्रिशूली र नारायणी नदी प्रणाली आसपासका बासिन्दालाई सतर्क गराइएको थियो ।

बाढीका कारण केही व्यक्ति बेपत्ता भएका, घर बगेका, पुलमा क्षति पुगेको तथा नदी किनारका पूर्वाधार प्रभावित भएको प्रारम्भिक विवरण प्राप्त भएको छ । गोरखाको सल्लेरीस्थित ३४१ मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको क्षेत्रमा समेत क्षति पुगेको छ । क्षतिको विस्तृत विवरण सङ्कलन भइरहेको छ भने खोज तथा उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण र राहतका काम जारी छन् ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्छोले रसुवा-ग्यिरोङ विपद्को केही समयपछि भएको यो घटनाले पर्वतीय क्षेत्रका समुदाय र नदी करिडोरमा रहेका बस्ती प्राकृतिक विपद्को उच्च जोखिममा रहेको पुनः देखाएको बताउनुभएको छ ।

"प्रतिकार्य अहिलेको प्राथमिकता हुनुपर्छ । तर, भविष्यमा यस्ता जोखिम न्यूनीकरण गर्न बाढी उत्पन्न हुनुको कारण बुझ्नु महत्त्वपूर्ण हुनेछ", उहाँले भन्नुभयो ।

इसिमोडका जलवायु तथा वातावरणीय जोखिमसम्बन्धी रणनीतिक नेतृत्वकर्ता छियाङगङ झाङले प्रारम्भिक विश्लेषणले पहिरोले बनाएको अस्थायी नदी अवरोध फुटेर गेग्रानयुक्त बाढी आएको हुनसक्ने देखाएको बताउनुभयो । उहाँका अनुसार भिरालो पर्वतीय जलाधार क्षेत्रमा पहिरो र नदी प्रणालीको एकीकृत अनुगमन आवश्यक छ । यस्ता क्षेत्रमा विपद् छिटो विकसित हुनसक्ने र त्यसको प्रभाव नदीको तल्लो तटीय क्षेत्रसम्म पुग्नसक्ने भएकाले जोखिमको समग्र मूल्याङ्कन गर्नुपर्ने उहाँको भनाइ छ ।

**सन् २०२४ को बाढीसँग पनि समानता**

बुढीगण्डकी क्षेत्रमा पछिल्लो बाढी सन् २०२४ को अप्रिलमा भएको अर्को ठूलो बाढीजन्य घटनापछि आएको हो । त्यतिबेला मनास्लु हिमनदीको अग्रभागबाट ठूलो हिमपहिरो खस्दा वीरेन्द्र तालको पानी विस्थापित भई बुढीगण्डकी नदीमा अचानक बहाव बढेको थियो ।

इसिमोडको नेतृत्वमा गरिएको विस्तृत अध्ययनले उक्त घटना हिमताल विस्फोटजन्य बाढी (ग्लोफ) नभई हिमपहिरोका कारण तालको पानी विस्थापित भएर आएको निष्कर्ष निकालेको थियो ।

यी दुई घटनाले हिमाली नदी प्रणालीमा विभिन्न प्रकारका प्राकृतिक प्रक्रियाले विनाशकारी बाढी निम्त्याउन सक्ने देखाएको इसिमोडले जनाएको छ । इसिमोडका अनुसार भविष्यमा जोखिम न्यूनीकरण, पूर्वाधार योजना तथा पुनःस्थापनाका काम गर्दा पहिरो, नदीको बहाव, जोखिममा रहेका बस्ती र पूर्वाधार तथा विपद्का श्रृङ्खलाबद्ध प्रभावलाई एकीकृत रूपमा ध्यान दिन आवश्यक छ ।

### विद्यार्थी आन्दोलनदेखि ...

उठाउँदै आउनुभएको थियो ।

विंस २०७८ मा भएको कांग्रेसको १४औँ महाधिवेशनबाट महामन्त्री निर्वाचित थापाले पार्टीभित्र नीतिगत बहस र सङ्गठन सुधारको पक्षमा काम गर्दै आउनुभएको थियो । विसं २०८२ भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनपछि पार्टीभित्र युवा सहभागिता अगाडि बढाउनुपर्ने भन्दै पार्टीका अर्को महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर विशेष महाधिवेशन आह्वान गर्नुभएका थापा विशेष महाधिवेशनपछि पार्टी सभापति सर्वसम्मत निर्वाचित हुनुभएको थियो ।

विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व लिनुभएका सभापति थापाले नौ महिनापछि पार्टीको १५औं महाधिवेशन गरेर पुनः सभापति पदमा निर्वाचित हुनुभएको हो । राजनीतिसँगै अध्यापन, सञ्चार र सामाजिक अभियानमा समेत संलग्न उहाँले विद्यार्थी जीवनदेखि नै शिक्षा र सार्वजनिक सेवामा सुधारको वकालत गर्दै आउनुभएको थियो ।

थापाले युवालाई स्वदेशमै अवसर, सार्वजनिक शिक्षामा लगानी, स्वास्थ्य सेवामा समान पहुँच र सुशासनलाई उनले आफ्नो राजनीतिक यात्राका प्रमुख एजेन्डाका रूपमा अघि सार्दै आउनुभएको छ । विद्यार्थी राजनीतिबाट राष्ट्रिय नेतृत्वसम्मको उहाँको यात्रा नेपाली कांग्रेसको भावी दिशा, सङ्गठन सुधार र नयाँ पुस्ताको राजनीतिक सहभागितासँग जोडेर हेरिँदै आइएको छ ।

### स्कारपियोको ...

ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भिर घाइते भएका दुबै जनालाई राजविराजस्थित छिन्नमस्ता अस्पताल लगिएको थियो । घाइते यादवको अवस्था गम्भिर रहेकोले उनलाई थपउपचारका लागि बिराट नर्सिङ अस्पताल बिराटनगर लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक रुपक खड्काले जानकारी दिए ।

यता दासको छिन्नमस्ता अस्पतालमै उपचार भइरहेको र ठक्कर दिने स्कारपियोलाई नियन्त्रणमा लिइएको छ । दुर्घटना पश्चात् फरार भएका चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*